# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

| वर्ष-४ | अंक-४५ | २०७७ असार ०३ गते बुधबार | 17 June 2020 Wednesday | मूल्य रु. १०/- |
|---|---|---|---|---|


## खाँडाचक्रमा बिउ विकास बैंकको स्थापना

मिसन न्यूज

कालिकोट

जिल्लाको खाँडाचक्र नगरपालिकाले कर्णालीमै पहिलो पटक रैथाने बालिमा प्रर्वदनका लागि सामुदायिक विउ विकास बैंक स्थापना गरेको छ। लोप हुदै गइरहेको कर्णालीको रैथाने बालि चिनो कागुनो, फापर जस्ता अर्गानिक खाद्य यवस्तुको उत्पादनको लागि कर्णालीका दश वटै जिल्लाको लागि मध्यनजर गर्दै नगरपालिकाले रैथाने विउ विकास बैंकको स्थापना गरेको हो। नगरपालिकाका कृर्षिशाखा प्रमुख पशुराम काफ्लेका अनुसार रैथानेबालिको उत्पादन हुने क्षेत्र कर्णालीमा पछिल्लो समय यसको उत्पादन घट्दै गई हाइब्रेड विउविजनले यहाँका अर्गानिक उत्पादनमा ठुलो असर परेको हुनाले रैथाने विउ विकास बैंकको स्थापना गरिएको बताए। कर्णालीका १० वटै जिल्लालाई मध्यनजर गरी आफुहरुले बैंकको स्थापन गएिको हो।

उनका अनुसार कर्णालीमै पहिलो पटक स्थापना गरिएको छ। १० वटै जिल्लासंग समन्वय गरी कुन क्षेत्रमा कुन बाली उत्पादन हुन्छ, कुन क्षेत्रमा फलफुल उत्पादन हुन्छ, त्यसै आधारमा विउ उत्पादन गरी वितरण गर्ने बताए। विउ विकास बैंकको उद्घाटन गर्दै नगरपालिका प्रमुख जसिप्रर्साद पाण्डेले, आफनो नगरपालिका कृर्षिमा आत्मानिर्भर बनाउने अनुरुप अर्गानिक रैथाने



सामुदायीक बिउ विकास बैंकको उद्घाटन गरिदैं। तस्बिर : मिसन न्यूज

बिउ विकास बैंकको स्थापना गरिएको बताए। खानेचामल समेत किनेर खानेबेला आउको भन्दै कृर्षिमा रैथानेबालीमा नगरपालिकाले कार्यविधिनै बनाएर यसको कार्यन्वयन तर्फ लागेको बताए। कर्णालीमा रैथाने बाली बढि नै उत्पादन हुने क्षेत्र हो। अहिले यसको उत्पादन लोप हुँदै गइरहेको छ। रैथाने बाली चिनो, फापर कोदो जस्ता वस्तुहरुको माग अत्याधिक बढिरहेको बेला हामीले यसको उत्पादनमा नगरपालिकाका कृर्षि सहकारीलाई अनुदान दिएर भएपनि यसलाई अर्गानिक हवका रुपमा विकास गदै जाने बताए। यस्तै नगरउप प्रमुख विजया विस्टेले, रैथाने बालीले चिनिएको कर्णालीमा यसको उत्पादन लोपहुनु दुखद् भएको बताइन्। अब यसको उत्पादनको लागि नगरपालिकाले पहिलो पटक लोपउन्मुख रैथाने बालिको उत्पादनमा लागेको बताइन्। यस बैंकमा अब कुनै पनि विउविजन हाइब्रेड मुक्त हुने र रैथाने विउविजन मात्र हुने बताइन्।

कोरोना भाइरस संक्रमण भएकाका विरामिहरुलाई पनि आगौनिक खानाले यस्तो किसिमका रोगहरुसंग लड्न सक्ने क्षमता हुने भएकाले आगौनिक वस्तुको उत्पादनमा लागेको बहुक्षेत्रिय पोषण कार्याक्रममा प्रतिनिधि राजन पुडाशैनीले बताए। यतिखेर स्थानिय सरकारले लकडाउन

बाँकी ८ पेजमा.....

## टिप्पर दुर्घटनाका पीडित न्याय माग्दै

मिसन न्यूज

कालिकोट

जिल्लाको नरहरीनाथ गाँउपालिका वडा नं. १ लालिघाटमा भएको टिपर दुर्घटनाका ज्यान गुमाएकाका आफन्तले न्यायको माग गरेका छन्। जिल्लाको रास्कोट नगरपालिकाका भारतबाट आएका स्थानीयलाई क्वारेन्टाइन लैजान टिपरमा कोचर लगेको र चालकको लापरबाहीका कारण दुर्घटना भएको भन्दै मृतकका आफन्तले न्याय दिलाउन माग गरेका हुन्। टिपर दुर्घटनामा ज्यान गुमाउने सर्मिला सार्की, थुम्की सार्कीको, निस्पता सार्की, मन्ना सार्की र वेपत्ता सरिता सार्कीका आफन्तले जिल्ला प्रहरी कार्यालयमा टिपर चालक जयलाल धकालाको नाममा सवारी ज्यानन सम्बन्धि मुद्दा दिएका छन्। वर्षेनी कालापाहाड गएर मजदुरी गरी पेट पाल्दै आएका नागरिकलाई गिट्टी बालुवा बोक्ने टिपरमा हालेर लापरवाही गरी दुर्घटना गराउने टिपर चालक धमाला र लालिघाटमा ड्युटीमा खटिएका प्रहरीलाई आजीनव कैद र पीडित परिवारलाई उचित राहतसहित क्षतिपुर्ति दिन माग गरेका हुन्। मृतक मन्ना सार्कीका श्रीमान धनरुप कुमालले भने, 'लालिघाटमा टिपर दुर्घटना



भवितव्य होइन। टिपर चालक र लालिघाटमा ड्युटीमा खटिएका प्रहरीको गम्भीर लापरबाहीका कारण भएको हो। उनीहरुलाई आजीवन कैद हुनुपर्छ। हामीलाई उचित राहतसहित क्षतिपुर्तिको व्यवस्था हुनुपर्छ।' यस्तै अर्का पीडित हरसिंह सार्कीले भने, 'प्रहरीमा टिपर चालकका नाममा मात्र उजुरी दर्ता भएको छ। लालिघाटमा ड्युटीमा खटिएका प्रहरीको नाम ठेगाना कसैले दिएनन्। हामीले टिपर चालकलाई आजीवन कैद सजाय हुनुपर्छ भन्ने मागसहित उजुदरी दिएका छौं।' 'रास्कोट नगरपालिका प्रमुख कासीचन्द्र बरालले कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको रोहवरमा नगर कार्यापालिका बैठक बसी दुर्घटनाको छानबिन समिति गठन गरी निस्पक्ष छानबिन गर्ने, मृतकका परिवारलाई क्षतिपुर्तिसहित

बाँकी ८ पेजमा.....

## क्वारेन्टाइन सुरक्षाको जिम्मा नेपाली सेनालाई

कालीकोट-पछिल्लो समय भारतबाट आएका नागरिक यहाँका क्वारेन्टाइनमा भरिभराउ भएपछि क्वारेन्टाइनको सुरक्षा नेपाली सेनालाई दिइएको छ। क्वारेन्टाइनमा भरिभराउ नागरिक भएर उनीहरुको सुरक्षा गर्न नेपाल प्रहरी र जनप्रतिनिधिलाई नियन्त्रण गर्न हम्यहम्य भएपछि नेपाली सेनाले सुरक्षाको जिम्मा लिएको छ। क्वारेन्टाइनमा बसकेमा नागरिकहरको सुरक्षाको लागि नेपाली सेनालाई जिम्मा दिइएको छ। रोजगारीको शिलशिलामा भारतमा गएका नेपालीहरु कोरोना त्रासले धमाधम घर फर्किन थालेपछि यहाँका क्वारेन्टाइन भरिभराउ भई स्थानिय सरकारले नियन्त्रण गर्न नसक्ने हुँदा यहाँका मुख्य तिन वटावटा स्थानिय तहका क्वारेन्टाइनमा नेपाली सेनाले सुरक्षा दिइरहेको सेनानी उत्तम कटुवालले जानकारी दिए। यस्तै रास्कोट नगरपालिकाको वडा नं ७ को क्वारेन्टाइन, तिलागुफा नगरपालिका र खाँडाचक्र नगरपालिकास्थित तिलाकर्णाली क्याम्पसको क्वारेन्टाइन गरी जिल्लाका तिन वटा क्वारेन्टाइनको सुरक्षा सेनाले गरिरहेको सेनानी कटुवालले जानकारी दिए। उनका अनुसार क्वारेन्टाइनको व्यवस्थापनमा सानोदेखि ठुलोसम्मका कामहरुमा आफुहरुले सघाएको बताउँदै थप विपतमा सहायताा होस् भनी सेना खटाएको बताए। जिल्ला सुरक्षा समितिले निणर्य गरेर क्वारेन्टाइनमा सेनाले सुरक्षा दिइरहेको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद गैरेले जानकारी दिए। क्वारेन्टाइनमा बसेका व्यक्ति भाग्न थालेपछि सेनाले सुरक्षा दिएको रास्कोट नगरपालिका प्रमुख काशिचन्द वरालले बताए। रास्कोट नगरपालिकाले अहिले नमुना क्वारेन्टाइन निर्माण गरी ६ सय नागरिकलाई बसालेको छ। जिल्लामा दरबन्दी अनुसार प्रहरी नहुँदा नेपाली सेनालाई पनि सुरक्षा माग गर्नु परेको प्रहरी प्रमुख श्याम बाबु वलियाले बताए। उनका अनुसार कर्णालीका अन्य जिल्लाहरु भन्दा यहाँका नागरिक रोजगारीको लागि भारत जाने भएकाले पनि उनीहरुको चाप धेरै छ। अझै आउने क्रम जारी नै छ। अझै सुरक्षाका लागि थप सेनाको माग हुन सक्ने बताए। अहिले पनि प्रहरीले सुरक्षा दिन सकिरहेको छैन। प्रत्येक क्वारेन्टाइनमा नेपाली सेनाले सुरक्षा दिइरहेको छ। सुरक्षा मजबुत हुँदा क्वारेन्टाइनमा बसेका नागरिकहरु कोरोना संर्क्रमणको जोखिम कम भएको रास्कोट नगरप्रमुख काशिचन्द वरालले बताए। उनले भने, 'हामीले आर्थिक व्यवस्थापन मात्र गरिरहेका छौं।' अरु उनीहरुको सुरक्षाको लागि कुनै कमी नरहेको उनले बताए। क्वारेन्टाइनमा बसेका नागरिकहरु राति रतौली र घर जाने भागेको खवर आएपछि सुरक्षा माग गरिएको बताए।



# सम्पादकीय...

## कागजी पानामा असारे विकास

विकासको नाममा आएको करोडौं बजेट असारे भलको जोखिममा छ । यतिवेलो कागजमै सडक, पुलपुलेसा र खानेपानी र भवन निर्माण भएका छन् । विकासप्रति माया थोरैलाई छ । तर धेरैलाई विनासको आवश्यकता देखियो । सर्वसाधारणदेखि राजनीतिक दलका नेता र हाकिमसम्म । तर यसो नगर । विकासमा आएको बजेट विकासमै सक । विकास भए के नै हुन्छर । किन विनास नै गर्नु परेको छ । विकासका नाममा दुरुपयोग हुने बजेट रोकेमा यहाँ पक्कै विकास हुन्छ । यदि सवैको नजर विकासमा गएन भने विनासले नै जित्ने छ । करोडौं बजेट हुँदाहुँदै पनि राज्यसंग बजेट भएन भन्नु पनि बेकार छ । किनकि आएको बजेट सहि सदुपयोग भएमा यहि बजेट काफी छ । जिल्ला विका स समितिमा मात्र करोडौं बजेट आएर सम्झौता भएको छ । बजेट सक्ने प्रयास मात्र भएको छ । तर विकासमा ध्यान छैन । प्राविधिक र अन्य कर्मचारी र उपभोक्ताविच चर्को बार्गेनिग मात्र देखिन्छ । यदि बजेट दरुपयोग गर्ने नियत नै हो भने, यहाँका नागरिकले कुनै पनि हालतमा छोड्नेवाला छैनन् । २० बर्षपछिकै ठुलो उत्वसव र अवसर कर्मचारी तन्त्रमा छ । जनप्रतिनिधिले कुर्चि लगिसके भनेर चिन्तीत पनि छन् । कालिकोटमा मात्र इतिहाँसको ठुलो बजेटमा चलखेल भईरहेको छ । यतिवेला सबै सरोकारवालाले खवधारी नगरे कालिकोटको भविष्य नै अन्धकार बनाउने छन् । त्यसैले सवै क्षेत्रबाट दुरुपयोगी नजरलाई ठाउँकोठाउँमा खबधारी गराउनु पर्छ । सडक,भवन,खानेपानी, सिचाइलगायतका विकासका पुर्वाधारमा आएको बजेट टाठाबाठाले ठुलो बजेटमा चलखेल गरेका छन् । असार मसान्तमा जिल्ला विकास समितिबाट करोडौं सम्झौता गर्नुको पछाडि केहिनकेहि लुकेको छ । आजभोली होटलहोटलमा कर्मचारी र उपभोक्ता समितिविच कानेखुसी चलिरहेको छ । बजेट दुरुपयोग गर्नेलाई स्थानीय प्रशासनले निगरानी गर्न जरुरी छ । सम्वन्धित  योजना लागु भएको ठाउँमा नगएर सदरमुकाममै वसेर सर्वे डिजाइन भईरहेको पनि छ । असारे नजिजाको बेग्र पतिक्षामा स्थानीय छन् ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई  स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# कोरोना जितेर चार महिनाका शिशु सहित २५ जना घर फर्किय

मिसन न्यूज
कालिकोट

कालिकोटमा चार महिनाका  शिशु सहित २५ जनाले कोरोना जितेर घर फकिएका छन् । करिब १४ दिन अगाडि कोरोना पोजेटिभ देखिएका चार महिनाका शिशुसहित २५ जना संक्रमितको पछिल्लो पटक कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको पीसीआर जाँचमा रिपोर्ट नेगेटिभ



आएपछि उनीहरुलाई घर पठाइएको हो । जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी कटकबहादुर महतका अनुसार जिल्ला सदरमुकाममा रहेको आइसोलेसनमा भर्ना भएका चार महिनाका शिशुसहित २९ जना कोरोना संक्रमितमध्ये २५ जनाले कोरोना जितेर घर फर्किएको जानकारी दिए । उनका अनुसार जिल्लाको शुभकालिका गाउँपालिकाका १२ जना, महाँवै गाउँपालिकाका ८ जना, तिलागुफा नगरपालिकाका १ जना, खाँडाचक्र नगरपालिकाका २ जना, पलाँता गाउँपालिकाका १ जना र बाजुराका १ जना रहेका छन्  । महाँवै गाउँपालिका अध्यक्ष नन्दबहादुर सिंह, शुभकालिका गाउँपालिका उपाध्यक्ष पम्फाकुमारी शाही, प्रमुख जिल्ला अधिकारी चन्द्रप्रसाद गैरे, जिल्ला अस्पतालका डा. विज्ञान प्रजापती, नेपाली सेनाका मेजर उत्तम कटुवाल, डा. भिष्म पोखेलगायतका व्यक्तिले कोरोना जितेर घर फर्किने २५ जनालाई बिधाई समेत गरेका छन् ।  अब जिल्ला सदरमुकाम मान्ममा रहेको आईसोलेसनमा ४ जना मात्र संक्रमित रहेका छन् । 'आत्मबल बलियो बनाऊ कोरोना जितिन्छ' । कालिकोटको आइसोलेसनबाट घर फर्किएकी चार महिने शिशुकी आमा रोसनी सिंहले आतमबल बलियो बनाए सहजै कोरोना जित्न सकिने बताएकी छन् । 'मलाई कोरोना लागेको कुनै महसुस भएन।  म १४ दिन क्वारेन्टाइनमा बसरे कोरोना पोजिटिभ देखिएपछि आइसोलेसनमा भर्ना भएकी हुँ।  दश दिन आइसोलेशनमा बसे।  कोरोनाका लक्षणसमेत केही देखिएनन्', उनले भनिन्, 'यहाँ बस्दा पनि कोरोना जित्छु भन्ने पुर्ण आत्मविश्वास थियो । अब घर गएर २१ दिन होम क्वारेन्टाइनमा बस्छु ।' यस्तै शुभकालिकाका रमेस जैसी, नेत्र भट्टराईले भारतबाट आउदा मनमा रहेको सामान्य कोरोनाको त्रास पनि घर फर्किदा समाप्त भएको बताए।  'हामीलाई कोरोनाको कुनै महसुस भएन। कोरोना संक्रमण भएपछि मरिहालिन्छ कि भन्ने त्रास थियो', उनले भने, 'तर रहेन रहेछ ।'

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा  अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे  (  Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# जातिय छुवाछुत मुक्त नेपाल र कार्यान्वयनको वर्तमान अवस्था



बाले बिश्वकर्मा

दलित समुदायको सम्मान र आन्दोलनको सम्मान स्वरुप नेपालको संसदले २०६३ जेठ २१ गते नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको थियो । तर यसको औचित्व र ब्यवहारमा भने तालमेल मिलेको छैन । यहि मिति २०७७ जेठ २१ गते जातिय छुवाछुत मुक्त घोषणा भएको दिनमा शुभकामना र हर्ष ब्यक्त गरिरहेको बेला त्यहि बिभेदका कारण जाजरकोमा ६ जनाले सामुहिक ज्यान गुमाउनु परेको कारुणिक अवस्था हामी समामु छ। घोषणामा सीमित यो अभियानले जातीय मानसिकतालाई अन्त्य गर्न सकेको रहेनछ र अझै धेरै गर्न बाँकी रहेछ भन्ने गहिरो आत्मबोध समेत यो दिनले गराएको छ । नेपालका दलित समुदायले जेठ २१ को दिनलाई आफ्नो अधिकारको आन्दोलनको ऐतिहाँसिक उपलब्धीका रुपमा लिएर दलित समुदायले दिवसको रुपमा मनाउँदै आएका छन् । यो दिन र्‍याली सभा सम्मेलन आयोजना गर्ने गरिन्छ । खुसियाली मनाईन्छ । एक अर्थमा यो छुवाछुतको ऐतिहाँसिक साँलोबाटमुक्त भएको मुक्तिको दिवस हो तर गणतन्त्र दिवसलाई चिसो मनले मनाउन बाध्य, हामी नेपालीहरु जस्तै आजको दिनले हामीलाई एउटा नमिठो अनुभुतिसंगै खुशी मनाउनुपर्ने बाध्यता थपेको छ। यो वर्षको सरुवातमै दलित समुदाले दिवसको सार्थकता घोषणामा मात्र हुने रहेनछ, भन्ने अनुभुति गरेका छन् ।

२०७७ जेठ १० गते रुकुम पश्चित चौरजहारी नगरपालिका वडा नं ८ मा गाँउलेको कुटाईबाट जाजरको भेरी नगरपालिका वडा नं. ४ रानागाँउका नवराज बि.क. सहित ६ जनाको मुत्यु भएको घटनाले सबै स्तब्ध, दुःखी र पीडामा छन् । अन्तर जातिय विवाह हुन लागेको भन्दै केटी पक्षले ढुँगा मुढा गर्दा नवराज बि.क. संगै साथीहरुको मुत्यु भएको छ। लकडाउन अवधीमा जातिय छुवाछुत सम्वन्धि दुई दर्जन भन्दा बढि घटना भएका छन्। यो अवस्थामा यो दिवसको सार्थकता र औचित्य माथि प्रश्न उठाउनै पर्ने बेला आएको छ। जेठ २१ मा नेपालमा औपचारिक रुपमा छुवाछुतमूक्त राष्ट्र घोषणा भएको १४ र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको १३ बर्षपछि दलित समुदायले गर्ने अनुभुतिमा परिवर्तन हुन सेको छैन । अहिले पनि दलितहरुले जातीय छुवाछुत तथा भेदभाव भोगिरहेका छन्। दलित परिवारमा जन्म हुनुको कारण नै मान्छे र मान्छेबीच फरक देख्ने चिन्तन अहिले पनि बलियोसंग जरा गाडेको छ। प्रभुत्वशाली वर्गद्धारा ऐतिहाँसिक रुपमा सिर्जना गरिएको भेदभाव, छुवाछुत, बहिस्करणको ब्यवहार, हिँसा, र अपमान सधैं कथित उच्च जातिहरुद्धारा दलित बिरुद्ध सामाजिक नियन्त्रण र दमन गर्ने हतियारको रुपमा प्रयोग हुँदै आएको यसले स्पष्ट पारेको छ। अझ प्रभुत्वशालीवर्गको यो हतियारलाई राज्यले संरक्षण गर्ने र राज्यसत्तामा पुग्नेहरुका लागि त्यहिवर्ग नै प्यारो हुने, किनारामा वस्न बाध्य समुदाय उनीहरुका लागि पीडित नै हुने समेत यसले देखाएको छ। दलित आन्दोलनको लामो संघर्षले राजनितिक रुपमा कतिपय मुद्धा सम्बोधन गर्न सफल भएपनि राज्यसत्ताको चरित्रमा फेरवदल नहुँदा वास्तविक जीवनमा कुनै दलितहरुले यी परिवर्तनको अनुभुति गर्न पाएका छैनन् । दलितमुक्ती र न्यायका लागि भने बि.स. २००४ सालबाट संगठित रुपमा संघर्ष र आन्दोलन हुँदै आएको छ। नेपालको राजनीतिक आन्दोलन भन्दा पनि दलित आन्दोलन रहेपनि यो नै सबै भन्दा कमजोर बन्नपुगेको छ । न्याय, समानता, मानवअधिकारका लागि दलित संघ, संस्था, संगठन, नागरिक समाज र मानव अधिकारवादीहरु यसको पक्षमा आन्दोलन र संघर्ष गर्दै आएका छन् । राजनितिक र परिवर्तनसंगै दलित समुदायको मुक्ति खोज्दै आएको दलित आन्दोलन नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको पनि १३ वर्ष पुग्दा समेत जातिवाद, वर्ण ब्यवस्था, छुवाछुत जस्ता सामाजिक कुरिति र कुसस्कार कायमै रहुनले राजनिति परिवर्तन कसका लागि भन्ने प्रश्न समेत उठाएको छ। नेपालमा जातिय छुवाछुत र भेदभाव अन्त्य र न्यायको उपचारका लागि मुलुकी ऐन २०२० ले नै छुवाछुतलाई दण्डनीय अपराध भनेको पनि करिब ५७ बर्ष पुगेको छ ।

जातिय बिभेद तथा छुवाछुत बिरुद्धको अभिसन्धिहरुको नेपालपक्ष राष्ट्र बनेको छ। मुलुकी अपराधसंहित २०७४ र छुवाछुत तथा भेदभाव ( कसुर र सजाय) ऐन् २०६८ पनि निर्माण गरेको छ । नेपालको संबिधान २०७२ को प्रस्तावनामै जातीय छुवाछुत अन्त्य गर्ने कुरा उल्लेख गरिएको छ । धारा २४ मा छुवाछुत भेदभावको अन्त्य गरिएको र धारा ४० ले दलितका आधारभुत अधिकार प्रत्यायोजन गरेको छ । तर त्यसको कार्यान्वयन हुन सकेको छैन । आखिर यस्तो किनभयो ? किन संबिधान र कानुनका कुरा ब्यवहारमा लागु हुन सकेनन् ? त्यसमा पनि छुवाछुतको बिरोध गर्ने बामन्थीले नै दुई तिहाई बढी मत पाएको देशमाअझै पनि जातिय भेदभाव तथा जातिय हिंसा किन चकिएरहेको छ ? राजनितिक दर्शन, राजनितिक संगठनले नाराका रुपमा उठाउँदै आएको यो बिषय उनीहरु, पार्टीभित्र, मतदाता माझ किन ब्यहार परिवर्तनको नारा बन्न सकेन त भन्ने गहिरो प्रश्न पनि उठिरहेको छ। लाखौं सदस्य भएका राजनितिक पार्टीहरुले सदनमा या सडकमा छुवाछुतको बिरोध गरिरहँदा तिनै सदस्यहरुले मात्रै छुवाछुत नगर्ने हो भने अवस्था के हुन्थ्यो होला भन्ने प्रश्न उठाईरहनै पर्ने हुन्छ । बिडम्वना के छ भने राजनिति दलको घोषणामा यो कुरा उठे पनि ब्यवहारमा तीनका नेता तथा कार्यकर्ताले छुवाछुत बारे परम्परागत मासिनकता त्याग्न नसेको हो कि भन्ने अहिलेका घटनाले देखाएको छ। यदि मात्र कहाँ हो र ! संघीय लोकतान्त्रिक गणतन्त्र आएको १३ बर्षमा २२ जना दलित समुदायहरुले जातिय भेदभावकै कारण ज्यान गुमाउनु परेको छ। यस बिषयमा किन हामी दिल खोलेर बोल्न सकिरहेका छैनौं के दलित समुदायले मात्र बोल्ने बिषय हो र यो जातिय बिभेद र छुवाछुतको बारेमा ? जातिय भेदभाव र छुवाछत हाम्रो समाज र राष्ट्रवाट जहाँसम्म अन्त्य हुँदैन तबसम्म समाज बिकासक्रम न्युन गति हुने र समाज रुपान्तरण नहुने कुरा निश्चित नै छ। त्यसैले हामी सबै तह तप्का र निकायहरुबाट जातिय भेदभाव र छुवाछुतका बिरुद्ध लड्नै पर्ने प्रण गर्नुपर्दछ । परम्परागत जातीय छुवाछुतको क्रमभंग गरी दलित समुदायलाई आधुनिक समाज र सबै प्रकाका बिभेदबाटमुक्त गर्नु यो घोषणाको मुख्य उद्देश्य थियो। नेपाल सरकारका प्रधानमन्त्रीहरुले पटक पटक छुवाछुतमुक्त राष्ट्र घोषणा गरे, यसको राजनीतिक रुपमा जस लिन होडबाजी चल्यो, तर आधिकारिक रुपमामा नेपालको संसदले २०६३ जेठ २१ गते नेपाललाई छुवाछुतमक्त राष्ट्र घोषणा गरेको थियो । अव उप्रान्त दलित समुदायलाई छुवाछुत, अन्याय, बिभेद गर्न पाईदैन र गरेमा यो अपराधिक हुनेछ भन्दै त्यस अनुसारको ऐन, कानुन र संबिधानमा अधिकार प्रदान भएको थियो। यो घोषणाको औचित्य भनेको गरिवीको अन्त्य गरी रोजगारी, शिक्षा र स्वास्थ्यमा समान अवसर र पहूँचको बिकास र बिस्तार गर्नु हो। आधुनिक र २१ औ शताब्दीको महशुष र अनुभुति गराउने, मानवधिकार, स्वतन्त्रता, समानताको प्रत्याभुति गराउने, कानुनी राज्यको अनुभुति गराउने, समावेशी समान अवसर पहुँचको बिना भेदभाव बिकास गरि लोकतान्त्रीक राज्यको स्थापना गर्नुनै राज्यको दायित्व थियो ।

आज छुवाछुतमुक्त राष्ट्र घोषणा भएको ४ र संघीय लोकतान्त्रिगण तन्त्रको स्थापना भएको १३ बर्षपछि दलित समुदायले गर्ने अनुभुतिमा परिवर्तन हुन सकेको छैन । अहिले पनि दलित समुदायहरुले जातीय छुवाछुत र भेदभाव भोगिरहेका छन्। जसका कारण कुटाई, पिटाई, अपमान, बलात्कार ज्यानमार्ने काम सम्म भएको छ । कालीकोट जिल्लामा मात्र यो बिचमा २ जनाले जातिय भेदभाव तथा छुवाछुतका कारण ज्यान गुमाईसकेका छन् । साविक जुविथा गा.वि.स. का मनविर सुनारको चुलो छोएको निहूँमा मारिनुपर्‍यो भने नरहरीनाथ गाउँपालिका वडा नं. ८ को निर्वाचित वडा सदस्य मना साकी कुटकुटी मारिनु परेको घटना ताजै छन्। राज्य मार्फत जातिय छुवाछुत र भेदभावको उपचारमा लागि बनेका ऐन कानुन र प्रतिवद्धता कार्यान्वयन हुन सकिरहेको छैन। संबिधानले दिएको अधिकार पनि प्रयोग गर्न पाएका छैनन्। र समय अनुसार स्वतन्त्र भएर जीवन बिताउ पाईरहेका छैनन्। संबिधानले दिएको अधिकार अनुसार पनि दलिनहरु सामाजिक, राजनीतिक र आर्थिक रुपमा रुपान्तरण र लोकतान्त्रिक भएको छैन। सार्वजनिक सेवाका रोजगारीमा बिज्ञापन प्रकाशन गर्दा नै दलितलाई निषेधित गरिन्छ। जसका कारण सरकारी सेवामा उनीहरुको न्युन सहभागीता छ। संबिधानले प्रदान गरेको समावेशी सिद्धान्त पनि कार्यन्वयन हुँदैन। राजनीतिक रुपमा दलितहरु कुनै पनि संगठन वा बिभागमा नेतृत्व पाउँदैनन्। जसका कारण दलितको नेतृत्व, बिचार र अस्तित्व स्किारिँदैन। दलित सुमुदायको राजनीतिक बिकासका लागि त्यो अनुसार प्रशिक्षित पनि गरिँदैन । राज्यले दलित समुदायको विकास र परिवर्तनका लागि आवश्यक र प्रभावकारी निति र कार्यक्रम निर्माण गरी कार्यन्वयन गर्दैन, राज्यका अंगहरुमा उही पुरानो मानसिकता कायम छ भने दलित समुदाय माथि हिँसा हुँदा पहिलो तथा उसको मुद्धा नै दर्ता हुँदैन, मुद्धादर्ता भएपनि अनुसन्धानका क्रममा कथित उपल्लो जातिको या बर्चस्वशाली जातिको प्रभाव रहन्छ । न्याय प्रक्रियामै उनीहरु ठगिन्छन् । एकातिर शैक्षिक र आर्थिक पक्ष कमजोर हुनु, अर्कोतर्फ न्याय प्रक्रियामा बर्चश्वशालीवर्गको हैकम अहिले पनि रहिरहनुले उनीहरुले न्याय पाउँदैनन्। लोकतन्त्र घोषणा तथा जातिय छुवाछुतका दर्जनौ घटनामा दलितले न्याय पाएका छैनन् । पछिल्लो जाजरकोटको घटनामा पनि प्रहरी र स्थानीय नेताहरुको भुकिा हेर्दा यसको पुष्टि हुन्छ। अजित मिजार, लक्ष्मी परियार लगायत दर्जनौ घटनाले न्याय नपाएकोबाट पनि यो झन स्पष्टहुन्छ । उसो त सरकाले प्रधानमन्त्री कार्यालयमा मुख्य सचिवका संयोजकत्वमा जातीय छुवाछुत र भेदभाव सम्वन्धि संयन्त्र निर्माण गर्‍यो तर कार्यान्वय र सञ्चालमा ल्याउन सकेको छैन । प्रहरीमा स्थापित दलित सेलको सक्रियता र बिस्तार हुन सकेन, जस कारण जातीय छुवाछुतको अन्त्यका लागि सरकाको उदासिनता नै देखिन्छ। सरकारले राष्ट्रिय दलित आयोग, दलित विकास समिति, र बादीविकास वोर्डको स्थापना गर्‍यो तर प्रयाप्त साधन, श्रोत र अधिकार नहुँदा प्रभावकारीता र सक्रियता बढ्न सकेको छैन ।

अहिले ती संयन्त्र र संरचना पदाधिकारी विहीन र सधान श्रोतको अभावमा छन्। उसो त जिल्ला स्तरमा रहेको दलित वर्ग उत्थान समन्वय समिति खारेज भईसकेका छन्। स्थानीय तहमा अहिले पनि दलित समुदायको क्षेत्रमा काम गर्ने समितिहरुको परिकल्पनासमेत गरेको छैन। स्थानीय सरकार संचालन ऐन २०७४ मा समेत दलित समुदायको क्षेत्रमा काम गर्न र आवाज उठाउन कुनै आधिकारीक समितिको परिकल्पना गरेको छैन। जातीय समस्या दलितको मात्र हो, मुक्ति र न्यायका लागि दलित मात्र सुध्रिने र संघर्ष गर्नुपर्छ भन्ने भएको छ । जातीय छुवाछुतका घटनाको मुद्धा दर्ता हुँदैन। प्रहरी प्रशासनले आलटाल गर्ने, दर्ता नगर्नका लागि राजनिति, कथित उच्च जातीय, सामाजिक, वर्गिय आशक्तीको दवाव आउने, दर्ता भईहाले पनि यस्तै दवावका कारण अनिर्णयको बन्दी हुने र प्रमाणहरु नष्ट गरी कमजोर बनाउने र पीडितले न्याय नपाउने भएको छ। कतिपय मुद्धा अदालतसम्म पुगेपनि दराजमा थन्किने र पीडितले न्याय नपाउने गरेका छन्। जातीयताका कारण घटना हुन्छ तर कुन पाटी, जाति, वर्ग भनेर हेनै र राजनितिक पार्टी पनि त्यसरी नै बिभाजन हुने, पक्ष बिपक्षको भुमिकामा बस्ने, त्यसै अनुसारको शक्ति प्रयोग गरी घटना र न्यायलाई कमजोर पार्ने गर्छन । पार्टीका घोषणापत्रमा हुने, सबैले बोल्ने तर ब्यवहारमा कार्यान्वयन नहुने अवस्था देखिएको छ। नेपालको संबिधानले समाजवादी नेपालको परिकल्पना गरेको छ । शासकीय प्रणालीमा यो समाजवाद कस्तो हुने भन्ने बहस बाँकी नै भएपनि मोटामोटी रुपमा सबैले समाजवाद स्वीकार गरेका छन् । सत्तारुढपाटीले त समाजवादी क्रान्तिको आधार तयार पार्ने नै भनेको छ। यसका लागि बाटो के त ? यो प्रश्नको छिनोफानोले छुवाछुतमुक्त राष्ट्रको बास्तविकताको पनि छिनोफानो गर्छ। दलितको समस्या दलितको मात्रै हुने हो भने नेपालमा सामाजिक न्यायकायम होला ? दलितमाथि हुने छुवाछुत र त्यस कारण यसरी नै एउटा समुदाय

बाँकी ६ पेजमा.....

# प्रदेशले ल्यायो ३३ अर्ब ७४ करोडको बजेट

मिसन न्यूज
सुर्खेत

कर्णाली सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ। प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७७र०७८ का लागि ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको हो। प्रदेश सभामा सोमवार आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाले बजेट प्रस्तुत गरेका हुन्। प्रदेश सरकारले सार्वजनिक गरेको बजेटमा पूँजीगततर्फ १९ अर्ब ६ करोड ९१ लाख २१ हजार रुपैयाँ विनियोजन गरिएको छ। यो कुल बजेटको ५७ प्रतिशत हो। यस्तै चालुतर्फ ११ अर्ब ६७ करोड ५७ लाख ३२ हजार रहेको छ।

यो कुल बजेटको ४३ प्रतिशत हो। त्यसैगरी प्रदेश सरकारले वित्तिय हस्तान्तरणतर्फ दुई अर्ब ९९ करोड ६५ लाख अर्थात नौ प्रतिशत बजेट विनियोजन गरिएको छ। प्रदेश सरकारले सार्वजनिक गरेको बजेटमा कोरोना महामारी नियन्त्रण र खाद्य संकट टार्ने कार्यक्रमलाई मुख्य प्राथमिकता दिइएको छ। कोरोना महामारी नियन्त्रण गर्नुपर्ने भएकाले यसपाली प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा बजेटलाई प्राथमिकता दिएको छ। कोरोना रोकथाम र नियन्त्रणमा लागि चालु खर्चतर्फ मात्र ८७ करोड ४१ लाख बजेट विनियोजन गरिएको आर्थिक मामिला तथा योजना मन्त्री ज्वालाले बताए। यस्तै बजेटमार्फत प्रदेश सरकारले स्वास्थ्य पूर्वाधार विकास, जनशक्ति परिचालन, परीक्षण र संक्रमितको उपचारका लागि पनि बजेट विनियोजन गरेको छ। प्रदेश सरकारले सुर्खेतमा रहेको प्रदेश अस्पतालमा तीन सय शैया थप्ने र त्यसलाई शिक्षण अस्पतालको रुपमा विकास गर्ने भएको छ। यसका लागि १३ करोड ४५ लाख रुपैयाँ, डोल्पा अस्पतालको स्तरोन्नतीको लागि १० करोड र अन्य जिल्ला अस्पतालको स्तरोन्नतीका लागि पनि आवश्यक बजेट विनियोजन गरेको छ। यस्तै कोरोना नियन्त्रणमा खटिने चिकित्सक र स्वास्थ्यकर्मीलाई मासिक तलबमा एकसय प्रतिशत र प्रहरी तथा चालकलाई ५० प्रतिशत रकम प्रोत्साह दिने घोषणा गरेको छ। यसका लागि एक अर्ब ५० करोड ५८ लाख बजेट विनियोजन गरिएको छ। कोरोना नियन्त्रणमा महिला स्वास्थ्य स्यंमसेवकलाई पनि परिचालन गरिनेछ। यसका लागि चार करोड विनियोजन गरिएको छ। यस्तै कोरोना संक्रमितको मृत्यु भएमा पीडित परिवारलाई एक लाख रुपैयाँ राहत र संक्रमणबाट प्रभाावितलाई रोजगारीमा प्राथमिकता दिने सरकारले घोषणा गरेको छ। बजेटमा महामारी र भोकमरी नियन्त्रण तथा रोजगारीलाई मुख्य प्राथमिकता दिइएको मन्त्री ज्वालाले बताए। उनले भने, 'कोरोनासँगै भोकमरीको पनि खतरा छ, यसकारण थप पीसीआर मेसिन थप्ने र खाद्यान्न खरिद गर्न बजेटको व्यवस्था गरिएको छ। कोरोनाका कारण धेरैले रोजगारी गुमाएकाले उनीहरुलाई रोजगारी दिने गरी कार्यक्रम संचालन गर्न पनि बजेटको व्यवस्था गरिएको छ।' प्रदेशमा खाद्य संकट टार्न ५० करोड विनियोजन गरिएको छ भने दुरशिक्षाका लागि ११ करोड बजेट विनियोजन गरिएको छ। भोकमरी टार्नका लागि 'एक स्थानीय तह, एक भकारी' कार्यक्रम संचालन गरिनेछ। यसका लागि ५५ करोड बजेट विनियोजन गरिएको मन्त्री ज्वालाले उल्लेख गरे। यस्तै अधिकांश कर्णालीबासीले रोजगारी गुमाएर प्रदेश भित्रिएको भन्दै सरकारले खाद्यान्नका लागि रोजगारी कार्यक्रम संचालन गर्ने भएको छ। यसका लागि एक अर्ब २० करोड विनियोजन गरिएको छ। यस्तै खाना, नाना र छाना कार्यक्रमका लागि पनि २० करोड बजेट छुट्याइएको छ। कोरोना प्रभावितलाई रोजगारी र सीपमुलक कार्यक्रम संचालन गर्न ६ अर्ब ५४ करोड विनियोजन गरिएको छ। यस्तै बजेटमार्फत प्रदेश सरकारले कृषि उत्पादनलाई पनि प्राथमिकता दिएको छ। एक स्थानीय तह, एक उत्पादत कार्यक्रमका लागि २७ करोड ६५ लाख, साना सिचाइँ कार्यक्रम संचालन गर्न ३५ करोड र वीरेन्द्रनगरका कर्णाली कोशेली घर स्थापना गर्न एक करोड विनियोजन गरिएको छ।



आगामी आर्थिक वर्षमा प्रदेश सरकारले अत्यावश्यक एम्बुलेन्सबाहेक अन्य सवारी साधन खरिद नगर्ने, चालु खर्चका विभिन्न शिर्षक कटौती गर्ने र विकास आयोजनाको प्रभावकारी अनुगमन गरिने जनाएको छ। कर्णाली राजमार्ग अन्तर्गत दैलेखको राकमकर्णालीमा ट्रमा अस्पताल स्थापना गर्ने, सुर्खेत विमानस्थलको विस्तार गर्ने, भेरी बबई आयोजनाको बाँधमा जलविद्युत उत्पादन गर्ने र त्यसमा प्रदेश सरकारले लगानी गर्ने, प्रदेश राजधानी वीरेन्द्रनगरको एकीकृत विकास गर्ने र पर्यटन विकासलाई प्राथमिकता दिइने बजेटमा उल्लेख गरेको छ।

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# दुर्घटना र उपचारको जिम्मा सरकारले लियो

**मिसन न्यूज**

**सुर्खेत**

प्रदेश सरकारले सडक दुर्घटना परेकाहरुको उद्धार गर्ने भएको छ । आर्थिक वर्ष २०७७र०७८ को बजेटमा सडक दुर्घटनामा परेकालाई उद्धार गर्ने कार्यक्रम प्रदेश सरकारले ल्याएको आर्थिक 'आवश्यकताअनुसार गाडीबाट हुन्छ कि हेलिकप्टरबाट हुन्छ, सडक दुर्घटनामा परेकाहरुको उद्धार प्रदेश सरकारले गर्छ, उपचारको ढिलाइका कारण सडक दुर्घटनामा परेकाले ज्यान गुमाउनु पर्दैन,' उनले भने, 'सरकारले उद्धारका साथै उपचार पनि गर्छ ।'




मामिला तथा योजनामन्त्री प्रकाश ज्वालले जानकारी दिए । मन्त्री ज्वालाले कर्णालीमा सडक दुर्घटना बढी हुने भएकाले पनि सरकारले सडक दुर्घटनाहरुमा परेकाहरुलाई उद्धार गर्ने कार्यक्रम ल्याएको जनाए । 'कर्णालीमा सडक दुर्घटना पनि भइरहेका छन्, भौगलिक विकटताका कारण घाइतेहरुले समयमा उपचार नपाएर ज्यान गुमाएका छन्,'उनले भने, 'हामीले प्राकृतिक विपद बिमा सबै नागरिकले गरिसकेका छौं, सडक दुर्घटनामा परेकालाई उद्धार गर्ने कार्यक्रम पनि ल्याएका छौं ।' मन्त्री ज्वालाले सडक दुर्घटनामा परेकाहरुको आवश्यकताअनुसार गाडए वा हवाईमार्गबाट पनि उद्धार गरिने बताए । उक्त कार्यक्रमका लागि प्रदेश सरकारले दुई करोड रकम विनियोजन गरेको मन्त्री ज्वालाले जानकारी दिए । उनले देशमै कर्णाली बढी सडक दुर्घटना हुने र मुत्यु हुने प्रतिशतका आधारमा अगाडि भएको भन्दै सडक सुरक्षा कार्यक्रमअर्न्तगत सो कार्याक्रम ल्याएको जनाए । 'कर्णालीमा सडकको स्तर पनि राम्रो छैन, सडक सुरक्षासम्बन्धी जनचेतना पनि कमी छ,' उनले भने, 'सडक सुशासन कार्यक्रम तथा जन चेतना कार्यक्रम पनि अघि बढाउनु पर्छ ।' यसअघि पनि कर्णाली सरकारले सुत्केरीलाई हेलिकप्टरबाट उद्धार गर्दै आएको थियो ।

# बालबालिका र युवालाई राहत वितरण

**मिसन न्यूज**

**सुर्खेत**

जिल्लामा उद्यमी युवा र विपन्न परिवारका बालबालिकालाई राहत वितरण गरिएको छ । जिल्लाको तिलागुफा नगरपालिका र नरहरीनाथ गाउँपालिकाका विभिन्न विद्यालयमा माध्यामिक तहमा अध्ययनरत ७० जना विपन्न परिवारका स्थानीय तहमा स्थानीय सरकारको छनोटका आधारमा माध्यामिक तह ८, ९ १० मा पढिरहेका ७० जना न्युन आर्थिक अवस्था भएका विद्यार्थीका अभिभावकलाई विद्यार्थीको पढाइमा सहयोग पुऱ्यान ७ लाख राहत दिइएको हो । उनले भने, 'यस कोरोनाको विसम परिस्थितिमा परियोजनाबाट व्यवसायिक तालिम लिइ व्यवसाय संचालन



बालबालिका र सानो व्यवसाय गरिरहेका ३७ जना लघु उद्यमी युवालाई राहत वितरण गरिएको हो । सेभ द चिल्ड्रेनको साझेदारीमा भिडिसेफ नेपालद्वारा संचालित युवा सशक्तिकरण बुलगारी परियोजनामार्फत ७० जना बालबालिका र ३७ जना उद्यमी युवालाई प्रति व्यक्ति दश हजारका दरले नगद राहत वितरण गरिएको परियोजना संयोजक भुपालसिंह बोहोराले जानकारी दिए । विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण रोकथामका लागि सरकारले गरेको लकडाउने प्रभावित भएका विपन्न परिवारका बालबालिका तथा युवा उद्यमीलाई राहत वितरण गरिएको हो । जिल्लाका दुईवटा गरिरहेका ३७ जना लघु व्यवसायीलाई आवश्यकताअनुसार प्रति व्यक्ति ५ हजारदेखि ८ हजारसम्म गरी कुल २ लाख वितरण गरिएको छ । राहत रकम वितरण गर्दै नरहरीनाथ गाउँपालिका अध्यक्ष धीरबहादुर विष्टले सेभ द चिल्डेन र भिडिसेफ नेपालको सहयोग विपन्न विद्यार्थीका घरघरमा पुगेको बताए । उनले भने, 'काम गरी खाने परिवारलाई दैनिक खर्च व्यवस्थापन गर्न समस्या छ । छोरा छोरीको पढाइका लागि आवश्यक शैक्षिक सामग्री किन्न झनै समस्या छ । यस परिस्थितिमा भिडिसेफ नेपालले विद्यार्थीकै हातमा पर्ने गरी नगद आर्थिक

**बाँकी ८ पेजमा.....**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |


**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# हिमाली जिल्लामा रोपाईको चटारो

**मिसन न्यूज**

**मुगु**

हिमाली जिल्ला मुगुमा यतिबेला धान रोप्ने चटारो छ। मुगुको उत्तरी भेगमा पर्ने सोरु गाउँपालिका, पश्चिमी भेगमा पर्ने खत्याड गाउँपालिका र छायाँनाथ रारा नगरपालिकाकाका केही गाउँहरुमा धान रोप्न भ्याइनभ्याइ छ। लकडाउनका बेला मुगाली किसानहरु सामाजिक दूरी कायम गर्दै रोपाइँ गरिरहेका छन्। खेतमा नाच गान गर्ने, दोहारी, देउडा गीत गाउँदै धान रोप्ने चलन छ। विभिन्न गीत गाउँदै रोप्ने परम्पराले जिउलोमा रौनकता छाएको छायानाथ रारा नगरपालिका-५ का किसान सिहंराज विकले बताए। पछिल्लो समयमा मार्सी धानको चामलले बजार पाएपछि मार्सी र स्थानीय जातका धान खेतीप्रति यस क्षेत्रका किसानको आकर्षण बढेको छ। मुगुमा



स्थानीय रातो धान, मार्सी, चन्दनाथ १ र ३ जातको धान खेती गरिन्छ। यो वर्ष गर्त वर्षको भन्दा रोपाइँ छिटो गरिएको छ। आकाशे पानीको भर पर्नुपर्ने यहाँका किसानले यस वर्ष छिटो वर्षा भएकाले रोपाइँ पनि छिटो गरेका हुन्। छिटो धान रोप्दा धान उत्पादनमा फरक नपर्ने जिल्ला कृषि विकास कार्यालयका प्रमुख पञ्चलाल बुढाले बताए।

# जातिय छुवाछुत मुक्त नेपाल.................

पिँडित हुँदै जाने अवस्था कायमै रहने हो भने हामीले खोजेको समाजको निर्माण होला त ? एउटा वर्ग गरिबी र राज्यका सबै तहबाट बञ्चित हुँदै जाने, राज्यका संरचना र तहहरुमा पुरानै मानसिकता कायम हुँदा के समृद्ध नेपालको सपना पुरा होला त ? हामीले समाजवाद र समृद्धि के मा खोजिरहेका छौँ। हामीले खुशी नेपाली भनेर कसलाई भन्न खोजेको हो ? हामीले सुशी नेपाली, समृद्ध नेपालको नारामार्फत समाजवादमा पुग्न खोजेको हो भने समाजको एउटा ठुलो हिस्सालाई हिँसामा राखेर त्यो सम्भाव होला ? त्यसैले सबैभन्दा ठुलो कुरा यो समस्या कुनै अमुक जाति र बर्गको होइन भन्ने कुरा सबैले अनुभुति गर्नुपर्छ। खासगरी राजनिति दलहरुले यो बिषयमा स्पष्ट हुनुपर्छ। राजनीतिक दलहरुले छुवाछुत मुक्तको अभियान आफु भित्रैबाट सूरु गर्नुपर्छ। दशौं लाख पाटी कार्यकर्ताले मात्रै यो अभियानमा प्रतिवद्धता जनाउने हो भने अजित मिजार, वा नमराजहरु मर्नुपर्ने अवस्था आउँदैन। अर्को कुरा, राज्यले दलित मुखी, पिडितमुखी न्याय प्रशासन निर्माण गर्नुपर्छ। दलितलाई हेर्ने दृष्टिकोण कर्मचारीतन्त्र देखी सुरक्षासम्म परिवर्तन हुनुपर्दछ। त्यहि अनुरुप राज्यले कार्यक्रम अगाडी सार्न जरुरी छ। जातिय भेदभाव तथा छुवाछुत जस्तो समस्यालाई राजनितिक अभियानको रुपमा यसलाई अगाडी नलैजाने हो र कितावमा भएका घोषणका आधारमा मात्र जस लिने या छुवाछुतमुक्तको सपना देख्ने हो भने यो सम्भव छैन। यसले हत्याका श्रृखलालाई रोक्न सक्ने छैन। दलितको समस्या दलितको मात्रै होईन, यो सुखी नेपाली र समृद्ध नेपालको बाधकका रुपमा रहेको साझा समस्या हो। यो अनुभुति हुन जरुरी छ। सबै न्यायिक र नागरिक प्रशासन क्षेत्रमा सबैमा भएको एकाधिकारवादी संरचनालाई लोकतान्त्रिक र समावेशी बनाउन जरुरी छ। (लेखकका निजि बिचार हुन् यसले सस्थाको प्रतिनिधित्व गर्दैन)

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौँ। गरिबी न्यूनिकरण गरौँ।

खानेपानी,सिंचाई तथा उर्जा विकास कार्यालय
कर्णाली प्रदेश, कालिकोट नेपाल

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# पिसिआर परीक्षण गर्न नेपाल अगाडी

मिसन न्यूज
काठमाडौं

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकालले कोभिड-१९ को पिसिआर परीक्षण गर्नेमा छिमेकी मुलुक नेपालको दायरा बढी नै रहेको बताएका छन्। आज राष्ट्रियसभाका सांसदले सोध्नुभएको प्रश्नको जवाफ दिँदै उनले प्रति १० लाखमा पाँच हजार १४६ जनामा परीक्षण गरिएको बताए। उनले भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र जापानजस्ता देशमा भन्दा नेपालमा परीक्षणको दायरा माथि रहेको बताए। उनका अनुसार १० लाखमा भारतले चार हजार ४११, पाकिस्तानमा चार हजार ३०८, श्रीलङ्का चार हजार २०४ र जापानमा दुई हजार ७२४ जनामा परीक्षण गरिएको छ। मन्त्री ढकालले यही असार १५ गतेदेखि सातवटै प्रदेशमा ठूलो मेसिन ल्याएर दैनिक १० हजार परीक्षण गर्ने तयारीसमेत भइरहेको जानकारी दिए। नेपालमा हाल २२ प्रयोगशालाबाट पिसिआर परीक्षण भइरहेको छ। अहिलेसम्म एक लाख ४९ हजार ७७२ परीक्षण गरिएको छ। आज मात्र छ हजार ३७ जनामा परीक्षण गरिएको उनले जानकारी दिए।



मन्त्री ढकालले कोभिड-१९ का सङ्क्रमित सबैलाई परीक्षण गरिने भन्दै कुनै एक परिवारका सबैमा सङ्क्रमण भए सबैको परीक्षण गरिने बताए। उहाँले स्वास्थ्य सामग्री खरिदमा कुनै अनियमिता नभएकोसमेत बताए। उनले कोभिड-१९ का लागि किनिएका स्वास्थ्य सामग्रीमा अनियमिता भए संसद्मा रहेको समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्ने बताए। मन्त्री ढकालले हिमोफेलिया रोगको चार महिनाका लागि औषधि मौज्दात राखिएकोसमेत बताए। उनले लम्की चुहा नगरपालिका-१ मा रहेको क्वारेन्टिनमा एक महिलामाथि भएको बलात्कारको घटनामा संलग्नलाई हदैसम्मको कारवाहीसमेत हुने बताए। उनले कोभिड-१९ महामारीका रुपमा फैलिए अन्य मन्त्रालयबाट बजेट कटौती गरेर महामारी रोकथाम र नियन्त्रणमा खर्चिने बताए। सरकारले आगामी आर्थिक वर्षमा केन्द्रमा ३०० र सातवटै प्रदेशमा ५० श्ययाका सरुवा रोग अस्पताल बनाउने योजना रहेको उनको भनाइ थियो।

# प्रहरी सुधार सम्बन्धी आदेशमा हस्ताक्षर

एजेन्सी
वासिङ्टन

प्रहरी नियन्त्रणमा अश्वेत नागरिक जर्ज फ्लोएडको मृत्युलाई लिएर देशव्यापी विरोध प्रदर्शन भएपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रहरी सुधार सम्बन्धी एक कार्यकारी आदेशमा हस्ताक्षर गरेका छन्। ह्वाइट हाउसमा आयोजित कार्यक्रमबीच उक्त आदेशमा हस्ताक्षर गर्दै राष्ट्रपति ट्रम्पले नयाँ आदेशले प्रहरीको दैनिक कार्यमा व्यापक परिवर्तन ल्याउने अपेक्षा गरे। तर प्रहरी कारबाहीहरुमा रंगभेद देखिएको विषयलाई लिएर देशव्यापी विरोध प्रदर्शनका बारेमा भने राष्ट्रपति ट्रम्पले केही बताएनन्। कार्यकारी आदेशमा हस्ताक्षर गर्नुअघि ह्वाइट हाउसमा प्रहरी कारबाहीमा मारिएका केही अश्वेत नागरिकका परिवारजनसँग भेटघाटन गरेका थिए। तर ह्वाइट हाउस समारोहमा राष्ट्रपति ट्रम्पले अमेरिकी प्रहरीका साहसिक कार्यहरुका बारेमा खुलेर प्रशंसा पनि गरेका थिए। केही प्रहरी अधिकृतले अनावश्यक रुपमा अत्यधिक शक्ति प्रयोग गरेकामा आफू दुःखित भएको उनले बताए।

राष्ट्रपति ट्रम्प र कंग्रेसमा रिपब्लीकन सांसदहरुबीच प्रहरी निर्दयता र जातीय विभेदका विरुद्ध अमेरिकी शहरहरुमा जारी प्रदर्शनलाई सम्बोधन गर्ने उपायको खोजी हुन थालेको छ। यी दुई विषयले राजनीतिक रुप पनि लिएको छ। अमेरिकामा आगामी नोभेम्बरमा राष्ट्रपतिको चुनाव हुन लागेकाले पनि राष्ट्रपति ट्रम्प र रिपब्लीकन पार्टीमाथि दबाब बढेको छ। ट्रम्पको कार्यकारी आदेशमा अत्यधिक शक्तिको प्रयोग गर्ने प्रहरीहरुको राष्ट्रव्यापी रेकर्ड राखिने उल्लेख छ। सामान्यतया प्रहरी ज्यादतीको विवरण राख्ने गरिए पनि त्यसलाई गोप्य राख्ने गरिएको थियो। कुनै प्रहरीमाथि लाञ्छना लागेको छ छैन भन्ने थाहा पनि विगतमा कठिन हुने गरेको थियो। नयाँ आदेशमा प्रहरी विभागलाई राम्रा र असल अभ्यास अघि बढाउन आर्थिक सहायता दिने भनिएको छ। सामाजिक कार्यकर्ताहरुले पनि प्रहरीलाई मद्दत गर्न सक्नेछन्। मानसिक स्वास्थ्य, कुलत र घरबारविहीन जस्ता मामिलामा



सामाजिक कार्यकर्ताको सहयोग लिन अब प्रहरीलाई सहज हुनेछ। राष्ट्रपति ट्रम्पले कुनै प्रहरीमाथि आफ्नो जीउज्यानमा खतरा नहुँदासम्म कुनै पनि व्यक्तिलाई घाँटी थिचेर नियन्त्रणमा ल्याउन प्रतिबन्ध लगाएको बताए। राष्ट्रपति ट्रम्पले आफूले हस्ताक्षर गरेको कार्यकारी आदेश ऐतिहासिक बताउनु भए पनि विपक्षी डेमोक्र्याट र आलोचकहरुले राष्ट्रपतिको आदेश पर्याप्त नभएको बताएका छन्। सिनेटमा डेमोक्र्याटिक पार्टीका नेता चक सुमर तथा सभामुख न्यान्सी पेलोसीले विगत वर्षमा हासिल भएका उपलब्धिलाई पनि नयाँ आदेशले नजरअन्दाज गरेको भन्दै रोश प्रकट गरेका छन्।

# सातको भाग्यफल

| | |
|---|---|
| मेष : | शुभ समाचार सुन्न पाइनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। वाहन लाभको योगपनि छ। मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ। |
| वृष : | कार्य सम्पादनमा समस्या आउला। नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन। वैदेशिक क्षेत्र कमजोर रहनेछ। सामान हराउने वा चोरी हुने भयछ। साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| मिथुन : | यो साता सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ। रमाइलो यात्राको योग रहेको छ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। वाहन लाभ पनि हुनेछ। मध्य सातामा विचार पुर्याएर निर्णय लिनु राम्रो होला। |
| कर्कट : | यो साता रोकिएका अधूरा काम पुनः सुरु हुन सक्छन्। धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। ठुला व्यक्तिले तपाईको मेहनतको प्रसंसा गर्नेछन्। मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ। फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ। |
| सिंह : | यो साता शुभकार्यको चर्चा चल्नेछ। मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन्। |
| कन्या : | यो साता मनमा वैराग्यको भावना पलाउन सक्छ। नियमित खर्चसमेत बढ्ने योग छ। व्यवसायमा मन्दी आउनेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ। सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| तुला : | अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भाईनेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ। अतिथिका रूपमा सम्मान पाइनेछ। साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ। झंझटीलो कार्यमा समय खेरा जाला। |
| वृश्चिक : | यो साता धार्मिक र सांस्कृतिक र शुभ कार्यमा सरिक हुने सम्भावना छ। स्वादिष्ट भोजनपनि पाईनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। आफन्त संग रमणीय र सुखद् यात्राको योग छ। मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। एक किसिमको निरसतापनि आउन सक्छ। |
| धनु : | यो साता नयाँ र शुभकार्यको चर्चा चल्नेछ। कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। तिर्थाटनको योगपनि रहेको छ। साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। |
| मकर : | स्फूर्ति र उमङ्गको कमी हुनेछ। कार्मक्षेत्रपनि घर्षशील रहनेछ। सौन्दर्यतामा धन खर्चपनि हुनेछ। जीवनसाथी संग राय बाजिनेछ। विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ। |
| कुम्भ : | बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ। |
| मीन : | यो साता आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ। परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ। |

## खाँडाचक्रमा बिउ विकास................

अर्थात बन्दाबन्दीमा तराईको चामल राहत वितरण गरेका छन् । यसको साटो यहिँ उत्पादन हुने अर्गानिक मकै, कोदो, फापर र मार्सिधान जस्तो खाद्य यवस्तुको उत्पादन भइदिएको भए उत्तम हुने थियो । वैंक स्थापना कार्याक्रममा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत्र, खड्कप्रर्साद उपाध्याय, वडा अध्यक्ष, वहुक्षत्रिय पोषण कार्याक्रममा राजन पुडाशैनीलगायतको सहभागितामा विउ विकास वैंकको स्थापना गरिएको थियो ।

**बजार अनुगमन वा गुनासोको आधारमा हुने निरिक्षणका बखत उल्लेखित विषयहरु पालना नगरेको र लापरवाहिपुर्ण क्रियाकलाप भएको पाइएमा उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कारवाहि हुने व्यहोरा सुचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**पचालझरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**‘भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य’**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

**सम्पर्क ठेगाना**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## बालबालिका र युवालाई........................

सहयोग गरेपछि उनीहरुलाई ठूलो राहत भएको छ । नरहरीनाथ गाउँपालिकास्थित रमा माविमा कक्षा १० मा अध्ययनरत छात्रा गोविन्द विकले अहिले कापी कलम पनि किन्न खर्च नपाइने अवस्थामा आफूले पाएको दश हजारले शैक्षिक सामग्री किन्न ठूलो सहयोग पुग्ने बताए । उनले भने, ’बुवा भारत गएर कमाए ल्याएको पैसाले कापी कलम किन्नु पर्ने बाध्यता थियो । कोरोनाले भारतको रोजगारी पनि खोस्यो । घरमा बुवासँग कापी किन्ने पैसा पनि थिएन् । यो दश हजारले मलाई एक वर्षसम्म कापी कलम किन्न पुग्छ । नरहरीनाथ गाउँपालिका ३ कुमालगाउँमा कपाल काट्ने व्यवसाय संचालन गरिरहेका नवराज बुढाले अहिले बन्दाबन्दी भएको अढाइ महिना बीचमा आफ्नो व्यवसाय बन्द रहेकाले घर खर्च चलाउन गाह्रो भइरहेको बेला आफूले पाएको नगद सहयोगले घर खर्च चलाउन आफूलाई ठूलो राहात भएको बताए । युवा सशक्तिकरण बुलगारी परियोजनाले नरहरीनाथ गाउँपालिका र तिलागुफा नगरपालिकामा युवा सशत्तिकरण बुलगारी परियोजनाले सन् २०१६ देखि युवा र बालबालिका क्षेत्रमा काम गरिरहेको छ । यस अवधिमा २ सय ८० जना युवालाई व्यवसायिक र लघु उद्यम तथा सिपमुलक तालिम दिएको छ । जसमध्ये २ सय २० जना युवाहरु सोरोजगार भएका छन् । तर अहिले कोरोनाको संक्रमण रोक्न गरिएको लकडाउने उनीहरुको व्यवसाय प्रभावित भएको छ । भिडिसेफ नेपालका अध्यक्ष मिनबहादुर बोगटीले भने,’ हालको कोरोना महामारीमा पालिकालाई क्वारेन्टाइन व्यवस्थापनमा सहयोग तथा शैक्षिक क्षेत्रमा पालिकासँगको साझेदारीमा शैक्षिक कक्षा समेत संचालन गरिएको छ ।’

## टिपर दुर्घटनाका पीडित......................

दश लाख राहत दिने आश्वासन दिएका थिए’, सार्कीले भने, ’न छानबिन समिति बन्यो । न पीडित परिवारलाई राहात नै । नगरपालिकाबाट आश्वासन मात्र पाइयो ।’ दुर्घटनामा गम्भीर घाइते भइ उपचारका क्रममा ज्यान गुमाएकी निस्पता सार्कीका श्रीमान गोबिन्द साकीले भने, ’टिपर दुर्घटनामा मैले मेरो जिन्दगीको सहारा गुमाएँ । ८ महिनाको नाबालक छोरा टुहुरो भयो । भारतबाट घर पुग्ने दिनमै टिपर दुर्घटनाको शिकार भयो मेरो परिवार । हामीलाई पहिलो कुरा न्याय चाहियो । सुनियोजित रुपमा टिपर कर्णालीमा फालेर ज्यान लिने चाकललाई जन्मै कैदको सजाय होस् । त्यसपछि क्षतिपूर्तिसहित उचित राहतको व्यवस्था हो ।’ यता रास्कोट नगरपालिका प्रमुख कासीचन्द्र बरालले आफू कामको शिलशिलामा सुर्खेत रहेको र एक दुई दिनमै नगरपालिका फर्किएपछि टिपर दुर्घटनाको छानबिन समिति गठन तथा घटनाका पीडितलाई राहतको विषयमा छलफल गरी टुंगो लगाइने बताए । उनले भने, ’लालिघाटमा दुखद घटना भयो । यस विषयमा हामी निकै संवेदनशील छौं । पीडितहरुलाई न्याय दिने, क्षतिपूर्ति दिने र राहातको व्यवस्था गर्न नगरपालिका तयार छ ।’ जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी यक्षराज जोसीले टिपर चालक धमालालाई पक्राउ गरी सवारी ज्यान कसुरमा मुद्धा दर्ता भइसकेको जानकारी दिए । उनका अनुसार चालकको बयान लिन बाँकी छ । जिल्ला अदालतबाट चालकलाई २० दिन म्याद थप गरी घटनाको थप अनुसन्धान गरिरहेको छ । जेठ २७ गते लालिघाट भएको टिपर दुर्घटनामा ज्यान गुमाउनेको संख्या ४ पुगेको छ । घटना स्थलमै सर्मिला सार्की र थुम्की सार्कीको मृत्यू भइसकेको थियो । १२ जना घाइतेमध्ये गम्भीर घाइते भएकी निस्पता सार्कीको काठ्माडौंको किष्ट अस्पतालमा उपचारका क्रममा मृत्यू भएको थियो । अर्का घाइते मीन सार्कीको बीर अस्पतालको टर्मा सेन्टरमा उपचार भइरहेको छ । बाँकी ८ महिने बालक सहित १० जना घाइतेहरुको जिल्ला अस्पतालमा उपचार गरी घर गइसकेका छन् । भारतबाट आएका मानिस लिन नगरपालिकाले पठाएको ना ८ ख ५१३३ नम्बरको टिपर दुर्घटना हुँदा ३९ जना मजदुरको कालापाहाडको कमाइ पनि नदीमा बगेको थियो ।

**बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित ‘ख’ वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौँ ।

हाम्रा विशेषता
- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत